# बन्दिपुर गाउँपालिका

## बन्दिपुर राजपत्र

### बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ६ संख्याः ५ मितिः २०७९/०३/२८**

**भाग २**

**बन्दिपुर गाउँपालिका**

**गाउँ कार्यपालिका कार्यालयको सुचना**

## कृषि समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७९

**प्रस्तावनाः** परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यवसायीकरण मार्फत औधोगिकरणको निमित्त कृषकलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुर्याउन कृषकहरुले व्याक्तिगत तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३, दफा ११ को उपदफा

(२) (१)(ण) (१), (द) (१), (द) (५) र बन्दिपुर गाउँपालकाको कृषि व्यवसाय प्रवर्दन ऐन, २०७८ को दफा ३६ बमोजिम कृषक समुह गठन, परिचालन र नियमन गर्न " कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७९" तयार गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) १. यो कार्यविधिको नाम **"कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७९"** हुनेछ।

ख) २. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"समूह"** भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ।

ख) **"कृषि"** भन्नाले बन्दिपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दन ऐन, २०७८ को दफा ३६ बमोजिमका कार्यहरुलाई जनाउनेछ।

ग) **"कृषि व्यवसाय"** भन्नाले बन्दिपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दन ऐन, २०७८ बमोजिमका व्यावसायिक कार्यहरुलाई बुझाउनेछ।

घ) **"गाउँपालिका"** भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बन्दिपुरलाई जनाउनेछ।

ङ) **"शाखा"** भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बन्दिपुरको कृषि विकास शाखा र पशुपन्छि विकास शाखालाई जनाउनेछ।

च) **"अध्यक्ष"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ।

छ) **"उपाध्यक्ष"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ।

ज) **"सचिव"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ।

झ) **"सदस्य"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको सदस्यलाई जनाउनेछ।

ञ) **"सेवा केन्द्र"** भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशुपन्छि शाखाको इकाई कार्यालयलाई बुझाउनेछ।

ट) **"कार्यालय प्रमुख"** भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

ठ) **"शाखा प्रमुख"** भन्नाले बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बन्दिपुरको सम्बन्धित कृषि वा पशु विकास शाखालाई बुझाउनेछ।

ड) **"बैठक"** भन्नाले कृषक समूहको बस्ने बैठकलाई बुझाउनेछ।

ढ) **"समिति"** भन्नाले बन्दिपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दन ऐन, २०७८ बुझाउनेछ।

## परिच्छेद २

## कृषक समूह गठनको उद्देश्यः

स्थानीय सरकार संचालन ऐन, २०७४ र बन्दिपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दन ऐन, २०७८ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामूदायिक पुवजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायकरणका निमित्त संचालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेकोछ। यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार छनः

क) समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

ख) समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छि उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।

ग) खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्थापन गर्ने।

घ) प्राङ्गारिक उत्पादनमा जोड दिने।

ङ) कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने।

च) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरु, पशु आहारा, पशु स्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरणका पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने।

छ) गोठ तथा भकारो सुधार गर्ने।

ज) मौरी पालन तथा च्याउ खेती गर्ने।

झ) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने।

ञ) नयाँ प्रविधिहरुको परीक्षण गर्ने ।

ट) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

ठ) जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

ड) कृषि वन वातावरण सरक्षण सम्बर्धन र विकासका सबैकार्यक्रमहरु सञ्चालन गर्ने ।

ढ) मासिक बचत र परिचालन गर्ने ।

ण) समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

## परिच्छेद ३
## कृषक समूह गठन तथा समूह दर्ता

१. **समूहमा कृषक संख्याः** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशुपालन गरी आएका वा गर्ने १५ देखि २५ सम्मका कृषकहरु स्वःस्फूर्त रुपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन।तर कुनै विशेष प्रयोजनका लागि १५ जवान सदस्य पुर्याउन नसकिने अवस्थामा कम्तीमा ५ जवान कृषक मात्र भए पनि समूह गठन गर्न सकिनेछ।

२. **कार्यालयबाट सहजिकरणः** उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन।

३. **स्टेशनरी सहयोगः** समूह गठन गर्नका लागि कार्यालयले समूह बठैकका लागि रजिष्टर, कलम, फायलहरु लगायत केही स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ।

४. **समूह दर्ताको लागि निबेदन दिनु पर्नेः** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि १ बमोजिमको निबेदन दिनु पर्नेछ । यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसंस्थाहरुमा दर्ता भएको समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ।

५. **समूहको आफ्नो विधान र छाप हुनु पर्नेः** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनूसूचि २ बमोजिमको सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्ने छन। उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकूल परिमार्जन गर्न सकिने छ। समूहको आफ्नै छाप हुनु पर्ने छ ।

६. **सर्व सहमति र सहमति समूह निर्णयको आधारः** समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरु सर्ब सम्मतबाट चयन हुने छन। कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित ब्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छन। यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा गाउँपालिकाबाट सहजिकरण हुन सक्नेछ ।

७. **समूह दर्तामा दस्तुर लाग्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएको निबेदन उपर कार्यालयले प्राप्त निबदेन उपर आवश्यक प्रक्रिmया पुरा गरी समूह दर्ता गर्नुपर्छ भन्ने लागेमा समूह दर्ता गरी समूहदर्ता प्रमाणपत्र प्रदान गरिनेछ। समुह दर्ता गरी कृषक समुह दर्ता प्रमाण पत्र उपलब्ध गराउने छ। समूह दर्ता शुल्क गाउँपालिकाको आर्थिक एन बमोजिम हुनेछ।

८. **समूह दर्ता प्रमाण पत्रः** कार्यालयको निर्णय अनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाण पत्र दिईने छ । समूह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिने छ । समूह दर्ता भए पछि त्यस्ता समूहहरु गाउँपालिकाबाट संचालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य गर्नेछन ।

## परिच्छेद ४
## कृषक समूह परिचालन

१. **मासिक बैठक बस्नु पर्नेः** समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ। समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समुहको बैठक बस्न सक्नेछ।

२. **समूह बचत र परिचालनः** बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्ने छन । समूह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन ।

३. **समूहको बैक खाता संचालनः** नजिकको बैकमा समूहको खाता खोलिने छ। जसमा कोषाध्यक्षको अनिवार्य सहित समूहको निर्णय अनुसार कम्तीमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता संचालन हुनेछ।

४. **बाली पात्रो-कार्ययोजना तयार गर्नेः** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक-चौमासिक-बार्षिक) कार्ययोजना तयार गर्ने छन। तयार भएको कार्ययोजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्बन गर्ने छन ।

५. **समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्नेः** समुहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्ने छन। समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गरिनु पर्ने छ। सो हुन नसकेमा प्रचलित ब्यवस्था अनुसार हुनेछ। समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ।

६. **समूहको रेकर्डः** समूहको एक फायल कृषि विकास शाखामा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्ड हरु, समूहको बंकै खाताको स्टेटमेन्ट आदि रहने छन। समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ।

७. **खेती खर्चको विवरण राख्नु पर्नेः** समूहका प्रत्येक सदस्यहरुले आफूले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र विक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ।

८. **प्रगति प्रतिबेदन र समीक्षाः** समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनालीहरु लगाउदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्ने छ।

९. **समूहमा मेलमिलाप हुनु पर्नेः** समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ। यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयूक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन।

१०. **व्यवसाय दर्ता गर्नु पर्नेः** कृषि कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा संचालन गर्ने कृषि ब्यवसाय गाउँपालिकामा दर्ता गर्नु पर्नेछ। कृषि ब्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

११. **कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरुको बजार ब्यवस्थापनः** समूहले कृषि उत्पादन सामग्रीहरुको ब्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विउ विजन, रासायनिक तथा प्राङ्गारिक मल, सिँचाइका सामग्रीहरु, कृषि मेसीनरी लगायत कृषि उपज सामग्रीहरुको ब्यवस्थापन र ब्यापारिक कारोबार गर्न सक्ने छन। त्यसैगरी आफ्नो समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्ने छन।

१२. **गाउँपालिकाको कार्यक्रममा सरीक हुनु पर्नेः** कृषक समूहले गाउँपालिकाबाट संचालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ।

१३. **कृषि सहकारीमा परिणत हुनेः** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ। यस्तो अवस्थामा साविक कृषक समूहले गरको सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ।

१४. **अन्यलाई पनि ज्ञान बुझाउनु पर्नेः** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्ने छ। समूहले कृषि प्राविधिक र अन्य कृषकहरुको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन।

१५. **समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भः** सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिनेछन र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन।

१६. **टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्नेः** गाउँपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु गाउँपालिकाबाट तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहका रुपमा पनि कार्य गर्न सक्नेछन। तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जवानको समूह गठन हुन सक्नेछ।

१७. **समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरु संचालन गर्न सकिनेः** गाउँपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी संस्थाहरु, गाउँ तथा टोल समितिहरु, निजी व्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसँग सहकारयमा संचालन गर्न सकिने छ।

१८. नगर क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरुले कृषि तथा पशु विकाससँग सम्बन्धी समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समूह मानिनेछ।

## परिच्छेद ५
## कृषक समूहको नियमन र पारदर्शिता

१. **बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाईः** समूहले वार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ।

२. **बार्षिक साधारण सभाः** समुह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्ष बर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्ने छ। साधारण सभामा बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, बार्षिक आयब्ययको विवरण, आउदो बर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ।

३. **अधिवेशन र विशेष अधिवेशनः** समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ। अधिवेशन गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ। विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ।

४. **अन्य संघ संस्थाहरुसँगको समन्वयः** समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु संचालन गर्न सक्नेछन।

५. **समुहको अनुगमनः** यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट एवं गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समूहका कृयाकलाप एवं समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन। प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद ६
## विविध

१. **समूह निष्कृयको अवस्थाः** लगातार ३ महिनासम्म मासिक बठैक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ। यस्तो अवस्थामा कार्यालयबाट संचालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन।

२. **समुह विघटन हुन सक्नेः** पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजात वा रकम हिनामिना वा दूरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरीतका कार्यहरु गरेमा वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ। तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ।

३. **संशोधनः** आवश्यकता र औचित्यताको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ।

४. **खारजीः** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन।

***

## अनुसूचि १

मितिः २०७...../....../.....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ।

**विषयः समुह दर्ता गरी पाउँ।**

समूह गठन गरी सामुहिक प्रक्रियाद्वारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठीत भई समूह गठन गरेका छौ । समूह गठन र परिचालन बारेमा बन्दिपुर गाउँपालिकाको नियमावली–मार्गदर्शन–कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौ । समूह दर्ता गरी पाउँ ।

**संलग्न कागजातहरुः**

१) प्रथम प्रारम्भिक भेलाबाट विनियम वा विधान बनाउने र संचालक समिति गठन गर्ने निर्णय सहितको माइनुट(उपस्थिति सदस्य कम्तिमा १५ जना फरक फरक परिवार बाट)

२) विनियम वा विधानको मस्यौदा तयार गर्ने

३) दोस्रो भेलाबाट बुँदा २ अनुसार तयार भएको विनियम वा विधानको प्रमाणित गर्ने,संस्था तथा समूह दर्ताको लागि माइनुट र दर्ता गर्न सहजीकरण गर्ने व्यक्ति लाई अख्तियारी प्रदान को निर्णय सहित को माइनुट (प्रमाणित १ प्रति विनियम वा विधान कार्यालयलाई बुझाउने)

४) सदस्य सबैको नागरिकताको प्रमाणपत्र

५) सम्बन्धित वडाको समूह दर्ताका लागि सिफारिस

६) अनुसूची २ अनुसारको समूह सदस्यहरुको विवरण

निवेदक
समुहको नामः
ठेगानाः
समूह अध्यक्षको नामः
सम्पर्क फोन नः
समूहको छापः
मितिः

## अनुसुचि २

**पहिलो पेज**

**दोस्रो पेज**

समुहको नाम :.........................................................

**समुह नविकरण तालिका**

| आ.व. | समुह कर | दर्ता शुल्क | जम्मा रकम रु. | रसिद नं. | तिरेको मिति | दरखस्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोटः**

१. यो प्रमाणपत्र समूहको कार्यालयमा सबैले देखिने गरी राख्नु पर्नेछ ।

२. प्रत्येक आ.ब.को समाप्ति पछिको आश्विन महिना भित्र निशुल्क नवीकरण गरी सक्नु पर्ने छ।

३. तोकिएको समय भित्र नवीकरण नगराएमा गाउँपालिकाको आर्थिक ऐन जरिवाना लिइ नवीकरण गर्न सकिनेछ ।

४. यो प्रमाण पत्र हराएमा समूहको निर्णय अनुसार माँग गरेमा रु. जरिवाना लिइ प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

# अनुसूची ३
# कृषक समूहका सदस्यहरुको व्यक्तिगत विवरण
# बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बन्दिपुर

कृषक समूहको नामः समूह गठन मितिः

कृषक समुह स्थित ठेगानाः बन्दिपुर गाउँपालिका वडा नं.....................टोल.......................

समूहमा सदस्य संख्या जम्माः

महिलाः

पूरुषः

गठित समूहको किसिमःबहुउद्देश्यीय/एकल उद्दश्यीय एकल उद्देश्यीय भएः

मासिक बचत प्रति सदस्य प्रति महिना रूः

समूह सदस्यहरुको विवरणः

| क्र स. | सदस्य को नाम | समूहमा पद | सम्पर्क नं | ठेगाना बन्दिपुर गाउँपालिका | | महिला /पुरुष | उमेर वर्ष | खेती गरेको जग्गाको क्षेत्रफल (रोपनी) | | | | मौरीघार/गाई/ भैसी /बाखा /बंगुर /ग्रिन हाउस आदि भए सो को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं | टोल | | | सिंचित | सिचाइको स्रोत | असिंचित | जम्मा जग्गा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोटः समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नु पर्ने।

**आज्ञाले**

**राम दत्त भट्ट**

**प्रमुख प्रशासकीय अधिकृत**

**२०७९/०३/२८**